# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५५) काठमाडौं, असोज १४ गते २०६२ साल अतिरिक्ताङ्क ३७(ख)


## भाग ३

### श्री ५ को सरकार

### अर्थ मन्त्रालयको सूचना

### मूल्य अभिवृद्धि कर (आठौं संशोधन) नियमावली, २०६२

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ लाई संशोधन गर्न वान्छनीय भएकोले,

मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा ४१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "मूल्य अभिवृद्धि कर (आठौं संशोधन) नियमावली, २०६२" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ मा संशोधनः मूल्य अभिवृद्धि कर नियमावली, २०५३ (यसपछि "मूल नियमावली" भनिएको) को नियम ६ को उपनियम (१) को प्रतिवन्धात्मक वाक्यांश झिकिएको छ।

३. मूल नियमावलीको नियम ७ मा संशोधनः मूल नियमावलीको नियम ७ को,–

(१) उप नियम (१) मा रहेका "आगामी तीन महिनामा आफ्नो" भन्ने शब्दहरूको सट्टा "वार्षिक" भन्ने शब्द राखिएको छ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम (२) पछि देहायको उपनियम (३),(४)र(५)थपिएका छन्ः–

"(३) कुनै करदाताले आफ्नो कारोवारको सीमा बीस लाख रुपैयाँ नभएको दावी गरेको विषय उपर कर अधिकृतलाई शङ्का लागेमा निजले त्यस्तो करदाताको स्वीकृतिमा पेशागत संस्थासँग परामर्श गर्न सक्नेछ ।

(४) ऐनको दफा १० को उपदफा (२) बमोजिम दर्ता गर्नुपर्ने वस्तु वा सेवाको कारोवार गरेका व्यक्तिले यो उपनियम प्रारम्भ भएको मितिले तीस दिनभित्र त्यस्तो कारोवार दर्ता गर्नु पर्नेछ ।

(५) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै व्यक्तिले गरेको कारोवारको सम्बन्धमा देहायको अवस्था भएमा त्यस्तो कारोवार कार्यालयमा दर्ता पर्नु पर्नेछः–

(क) कर अधिकृतले निरीक्षण गर्दाका बखत कारोवार गर्ने व्यक्तिसँग रहेको वस्तुको प्रकृतिको आधारमा विभागले तोकेको रकमभन्दा बढी मूल्यको वस्तु मौज्दात भएमा,

(ख) कुनै व्यक्तिको टेलिफोन महसुल र घर बहाल गरी वार्षिक एकलाख रुपैयाँभन्दा बढी खर्च भएमा, वा

(ग) विभागले तोकेको बजार वा सडक क्षेत्रभित्रको विभागले तोकेको निश्चित क्षेत्रफलमा कुनै व्यक्तिको कारोवार स्थल भएमा ।"

४. <u>मूल नियमावलीमा नियम १४क. थपः</u> मूल नियमावलीको नियम १४ पछि देहायको नियम १४क. थपिएको छः—

"१४क. <u>करपाटीको व्यवस्था</u> : करदाताले यो नियम प्रारम्भ भएको मितिले तीस दिनभित्र कारोवार स्थलमा सबैले देख्न सक्ने गरी विभागले तोकेको ढाँचामा करपाटी राख्नु पर्नेछ ।"

५. <u>मूल नियमावलीको नियम १७ मा संशोधनः</u> मूल नियमावलीको नियम १७ को,–

(१) उपनियम (१) मा रहेका "अनुसूची-५" भन्ने शब्दहरूको सट्टा "अनुसूची-५ र ५क." भन्ने शब्दहरू राखी सोही उपनियमको अन्त्यमा देहायको वाक्यांश थपिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

"त्यसरी कर वीजक जारी गर्दा कुनै बस्तुको किसिम, साइज, मोडल र ब्राण्ड भएमा सो खुलाउनु पर्नेछ ।"

(२) उपनियम (३),(४) र )५) झिकिएका छन् ।

६. मूल नियमावलीको नियम ४६ मा संशोधनः मूल नियमावलीको नियम ४६ मा रहेका "फिर्ता दिनुपर्ने रकम" भन्ने शब्दहरू झिकिएका छन्।

७. मूल नियमावलीमा नियम ५८क. थपः मल नियमावलीको नियम ५८ पछि देहायको नियम ५८क. थपिएको छः–

"५८क. कर सहयोगी राख्न सक्ने. (१) करदाताले कर सम्बन्धमा आवश्यक जानकारी तथा सहयोग लिन कर सहयोगी राख्य सक्नेछ।

(२) उपनियम (१) बमोजिमको कर सहयोगीको लागि आवश्यक पर्ने योग्यता, निजको स्तर लगायत अन्य व्यवस्था विभागले तोके बमोजिम हुनेछ ।"

८. मूल नियमावलीको अनुसूचीमा संशोधनः मूल नियमावलीको अनुसूची ५क. को सट्टा देहायको अनुसूचो ५क. राखिएको छः–



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

552

अनुसूची–५क.

(नियम १७ सँग सम्बन्धित)

कर विजको ढाँचा

बिमक (कम्पनी)को नाम र ठेगाना: विजक नं.

बीमकको स्थायी लेखा नं. | | | | | | | | | | कर विजक

बीमितको नाम:

ठेगाना:

बीमितको स्थायी लेखा नं. | | | | | | | | | | जारी मिति:

अभिकर्ता:

| बिवरण | | रकम रू. |
|---|---|---|
| बीमालेख नं. कभरनोट नं | | |
| सम्पुष्टि नं. | बीमा शुल्क | |
| बीमाङ्क रकम रू. | आतङ्ककारी कार्य, हुलदङ्गा तथा तोडफोड | |
| अवधि देखि सम्म | नामसारी दस्तुर | |
| | टिकट दस्तुर | |
| | कर लाग्ने जम्मा मूल्य | |
| | ०% मू अ. कर | |
| | कूल जम्मा | |

निमित्त: कम्पनीको नाम

अधिकार प्राप्त दस्तखत"

आज्ञाले,

भानुप्रसाद आचार्य

श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रु. ५।–

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।